# ५

# शिक्षा प्रणाली र वातावरणीय न्याय

**जगन्नाथ अधिकारी**

वातावरणीय न्याय/अन्याय सृजना गर्ने तथा यसलाई निरन्तरता दिने अवस्था तयार गर्न शिक्षाको ठूलो भूमिका रहन्छ । शिक्षाले मानिसको चेतना तथा व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्ने भएकोले उपयुक्त शिक्षाको माध्यमबाट वातावरणीय न्यायको अवस्थामा सुधार ल्याउन सकिन्छ ।

सन् १९९१ मा अमेरिकाको वासिङ्टन डीसीमा भेला भएका नेशनल पिपल अफ कलर एन्भारन्मेन्ट लिडरशीप समिट (National People of Color Environment Leadership Summit) का सहभागीले वातावरणीय न्यायका १७ वटा सिद्धान्त प्रतिपादन गरेका थिए[१], तीमध्ये केहीले शिक्षा नीतिमा परिवर्तन गर्न आवश्यक ठह्र्याएका थिए । शिक्षासम्बन्धी सिद्धान्त १६ मा प्रष्टसँग भनिएको छः

> वातावरणीय न्यायले अहिले र भविष्यको पुस्ताको लागि यस्तो शिक्षाको माग गर्दछ जसले सामाजिक तथा वातावरणीय सवालहरू, जुन हाम्रो अनुभव र विविध सांस्कृतिक धारणाहरूलाई सम्मान गर्ने भावनामा आधारित हुन्छन्, लाई जोड दिन्छ ।

माथिको सिद्धान्तले शिक्षाको लागि निम्न आवश्यकता देखाउँछः

- *सामाजिक न्याय* शिक्षामा सामाजिक न्यायको बारेमा ज्ञान दिइनुपर्छ । सामाजिक अन्याय र यसका कारणहरूबारे ज्ञान दिँदा सामाजिक न्यायलाई वातावरणको संरक्षण र उपयोगसँग जोडेर हेर्नु पर्दछ । सामाजिक न्यायका सवालहरू विभिन्न सांस्कृतिक परिवेशका समूहहरूले दैनिक जीवनमा गरेको अनुभवको आधारमा हुनुपर्छ ।

न्याय मञ्च, काठमाडौँद्वारा १० फागुन २०५९ मा काठमाडौँमा आयोजित 'विश्वविद्यालयको पाठ्यक्रममा वातावरणीय न्यायको समाविष्टी' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत लेखको विस्तृत रूप ।

[१] वातावरणीय न्यायका सिद्धान्तहरूका लागि खण्ड १ को पहिलो लेख हेर्नुहोस् ।

- *वातावरणीय सवालहरू* शिक्षामा वातावरणीय सवालहरू संलग्न हुनुपर्छ । यी सवालहरू पनि विभिन्न सांस्कृतिक/सामाजिक/आर्थिक समूहहरूले दैनिक जीवनमा भोगेको समस्याहरूमा आधारित हुनुपर्छ ।
- *बहुसांस्कृतिक वातावरणीय शिक्षा* वातावरणीय शिक्षाले विभिन्न सांस्कृतिक समूहको वातावरणसम्बन्धी दृष्टिकोण समेट्नु पर्छ । वातावरण कुनै निश्चित, भौतिक वस्तु/संस्कृतिको आधारमा अनुभव गरिने वास्तविकता हो, जुन संस्कृतिअनुसार फरक-फरक हुन सक्छ । शिक्षामा वातावरणसम्बन्धी यस्तो बहुसांस्कृतिक दृष्टिकोण समावेश हुनुपर्छ ।
- *दिगो विकासको लागि शिक्षा* विकास र वातावरण संरक्षणमा दिगोपन ल्याउने उद्देश्यले शिक्षा दिइनुपर्छ । यस्तो शिक्षाले दिगोपन ल्याउनको लागि व्यवहारमा समेत परिवर्तन ल्याउनुपर्छ । यसकारण नैतिक मूल्य/मान्यतामा निरन्तरता र सामञ्जस्य भएको र पारिस्थितिकीय (ecosystem) दिगोपनको लागि नयाँ सोचाइ विकास गर्न शिक्षाले मद्दत गर्नुपर्छ । वातावरणीय न्यायले 'समुदायको लागि शिक्षा'को विकास गर्न सहयोग गर्नुपर्छ ।
- विद्यार्थी तथा जनमानसमा यस्तो मान्यताको विकास गर्नुपर्छ जसले प्रकृति तथा समाजका प्रत्येक भाग/उप-भागहरू एक-आपसमा अन्तरसम्बन्धित छन् र सबैको भूमिका समान हुन्छ भन्ने कुराको समर्थन गरोस् । वातावरणीय न्यायको अवस्था राम्रो बनाउन मानिसहरूमा नयाँ ढङ्गले सोच्ने र नयाँ सोचाइको विकास गर्ने प्रवृत्ति आवश्यक पर्छ । यसको लागि शिक्षामा नै परिवर्तन ल्याउनुपर्छ । सामाजिक वा वातावरणीय न्याय/अन्यायहरू कसरी सृजना हुन्छन् र कुन माध्यमबाट निरन्तरता पाउँछन् भन्नेतिर शिक्षाको दृष्टिकोण पुग्नुपर्छ ।

साधारणतया अन्याय सृजना गर्ने अवस्था हाम्रो सोचाइमा भर पर्छ । यस्तो सोचाइलाई भाषाको प्रयोगले पनि मद्दत गर्छ । हाल यस्तो भाषाको प्रयोग गरिएको छ जसले गर्दा समाजमा प्रभुत्वशाली समूहको संस्कृतिलाई स्वतः स्वीकार गर्ने र एकल वास्तविकताको अनुभूत गर्ने प्रवृत्तिको विकास भएको छ । यस्तो प्रवृत्तिले अन्यायलाई सदाका लागि निरन्तरता दिन्छ । जबसम्म यस्तो सोच्ने प्रवृत्तिलाई चुनौती दिइँदैन र अन्य भाषाको विकास गरिँदैन त्यसले बहु-वास्ताविकतालाई अनुभव वा अनुभूत गर्ने मौका दिँदैन । यसले गर्दा समाजका अल्पसङ्ख्यक समूह पीडित हुन पुग्छन् र आफ्नो अस्तित्व गुमाउन पुग्छन् ।

माथि उल्लिखित विश्लेषणलाई निम्न उदाहरणबाट प्रष्ट गर्न सकिन्छः

## *वातावरणको परिभाषा*

साधारणतया अहिलेको शिक्षाको प्रभावले गर्दा मानिसहरूमा 'वातावरण' शब्द सुन्नासाथ एउटै वास्तविकता मनमा आउँछ । त्यो वास्तविकता हो प्राकृतिक स्रोतहरू, वनजङ्गल, जङ्गली जनावर, मानिसभन्दा टाढाको शान्त र मानिसरहित प्राकृतिक ठाउँ । यस्तो

वास्तविकता स्वीकार गर्ने मनस्थितिले वातावरणीय न्यायसम्बन्धी समस्याहरू समाधान गर्न प्रेरित गर्दैन किनभने हाम्रो सोचाइ यसतर्फ केन्द्रित हुँदैन । हाम्रो दैनिक जीवनमा देखिने वातावरणीय न्यायसम्बन्धी समस्याहरूले अर्कै वातावरणको परिकल्पना गर्दछ: जस्तै बस्तीभित्र वा परिवारको समस्या, खानेपानीको प्रदूषणको समस्या, स्कूलको भौतिक वातावरण, काम गर्ने ठाउँको वातावरण, घरभित्रको वातावरण आदि । जबसम्म वातावरणलाई प्राकृतिक स्रोत र मानवरहित प्राकृतिक अवस्थालाई जनाउने स्थापित मान्यतालाई चुनौती दिइँदैन, तबसम्म वातावरणीय न्यायसम्बन्धी समस्याहरू कायमै रहन्छन् ।

### *परम्परालाई हेर्ने दृष्टिकोण*

हालको शिक्षामा 'परम्परा' शब्दलाई नकारात्मक, पुरानो, रुढिवादीग्रसित, समयअनुसार नभएको र विकासको बाधक भन्ने भावना/सोचाइ दिनेगरी देखाइएको वा बुझाइएको छ । यो वास्तविकता कसरी र कस्को स्वार्थको लागि 'विकास' गरिएको हो र यसले प्रभुत्वशाली वर्गको/संस्कृतिको मूल्य/मान्यता स्वीकार गर्न कसरी बल प्रदान गर्छ भन्ने बुझ्न आवश्यक हुन्छ । 'परम्परा' र यसको उल्टो 'विकास' शब्दले विकासशील देशका संस्कृति, गरिब समुदायको संस्कृति, चालचलन आदिलाई नकारात्मक दृष्टिले हेर्ने तर प्रभुत्वशाली पश्चिमी संस्कृति, राजनीतिक-आर्थिक प्रणालीलाई नै उन्नतिको माध्यम मान्ने सोचाइ विकास गराएको छ । यसले गर्दा 'विकसित' देशले सांस्कृतिक र मानसिक सम्राज्य चलाउन सकेका छन् । विकासको बारेमा पढाउने सिद्धान्तमा विकसित वा गरिब देशहरू विकास/भौतिक उन्नति गर्न नसक्नुमा उनीहरूको परम्परा वा स्वभाव नै दोषी ठहऱ्याइयो । 'विकसित', 'अविकसित' वा 'विकासशील' शब्द र विभेद गर्ने परिभाषाले कस्तो असर पुऱ्याएको छ भन्नेबारे विस्तृत विश्लेषण हुनुपर्छ । साधारणतया यस्तो विभेद गर्ने प्रवृत्तिले कतिपय विकासशील देशहरू र त्यहाँका समुदायले आफूलाई गरिब र अविकसित रूपमा चिन्न वा पहिचान बनाउन थाले र 'हिन भावना'को विकास हुन थाल्यो । उनीहरूको सांस्कृतिक परम्परा र प्राकृतिक स्रोतमा धनी भए पनि 'गरिबी' सोचाइ बढ्न थाल्यो ।

परम्परालाई पीडित समुदायको 'मुक्ति'को बाधक र यसलाई हटाएमा मात्र 'मुक्ति' प्राप्त गर्न सकिन्छ भन्ने सोचाइ पनि छ । जस्तो पाउलो फ्रेरेको किताब 'पीडित/शोषितको लागि पढाइ' (Pedagogy of the Oppressed) मा यो सिद्धान्त उल्लेख छ । तर यहाँनेर बुझ्नु पर्ने कुरा के देखिन्छ भने परम्परालाई मात्र हटाएर 'मुक्ति' प्राप्त हुँदैन । परम्परा भएन भने शोषित/पीडितहरूको समुदाय बनाउन सकिँदैन । साधारणतया समुदाय 'परम्परामा' नै आधारित हुन्छ । परम्पराअन्तर्गत ठूलोले सानोलाई सिकाउने (mentoring), विभिन्न पुस्ताबीच ज्ञान र सीपको साटफेर गर्ने, भाषा सिकाउने, आपसी सहयोगको जालो, नैतिक मान्यता/मूल्य कायम राख्नको लागि आदर/सत्कारको चलन/स्तर र लोक कथा/साहित्य/पाठ जसले अहिलेको पुस्ता र पहिलेका पुस्ताबीच एउटा भावनात्मक पुलको काम गर्दछ, आदि पर्दछन् ।

यसकारण परम्परालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ। परम्पराका फाइदाहरूलाई विश्लेषण नगर्ने प्रचलनले 'वातावरणीय न्याय'लाई सहयोग गर्दैन तर प्रभुत्वशाली वर्गको सांस्कृतिक नियन्त्रण बढाउन सहयोग गर्दछ ।

## *विज्ञान र प्रविधिलाई हेर्ने दृष्टिकोण*

हालको मान्यताअनुसार 'विज्ञान र प्रविधि'लाई वस्तुगत विश्लेषण गर्ने ज्ञान, सधैँ राम्रो, कसैलाई भेदभाव नगरी सबैलाई फाइदा पुग्ने तथा राजनीतिक रूपमा पक्षरहित भनेर विद्यार्थी तथा जनमानसमा प्रस्तुत गरिएको छ। यसलाई वातावरणीय न्यायको दृष्टिले 'सिक्काको एउटा अनुहार' मात्र ठानिन्छ । विज्ञान वा प्रविधिको अर्को अनुहार हो यो ज्ञान उत्पादन गर्ने संस्था/व्यक्ति/देशको स्वार्थ। कुनै पनि ज्ञान यो उत्पादन गर्ने व्यक्ति/संस्थाको सांस्कृतिको मूल्य/मान्यताको असरबाट प्रभावित हुन्छ । वैज्ञानिक विधि भनेर जनमानसमा भनिने ज्ञान उत्पादन गर्ने विधि मुख्यतः पहिले प्रतिपादित सिद्धान्त र नयाँ गरिने अवलोकनमा भर पर्छ । तर यी दुवैले एक-आपसलाई असर गर्छन् । पहिले प्रतिपादित सिद्धान्तले हाम्रो अवलोकन गर्ने क्षमता/ दृष्टिकोणलाई असर गर्छ भने नयाँ अवलोकनले पहिले प्रतिपादित सिद्धान्तलाई परिवर्तन गर्न सघाउ पुऱ्याई नयाँ सिद्धान्त निकाल्न सहयोग पुऱ्याउँछ। मानिसले गर्ने अवलोकनमा पनि पहिलाको ज्ञान र सामाजीकरण/सांस्कृतीकरणको प्रभाव पर्ने भएकोले यो पनि मूल्य मान्यतारहित पूर्ण 'वस्तुगत' हुन सक्दैन ।

यस्तै गरेर ज्ञान/प्रविधिको उत्पादनभित्र पनि विभिन्न स्वार्थहरू लुकेका हुन्छन् । यी स्वार्थहरू धनी र प्रभुत्वशाली वर्गको फाइदाका लागि हुन्छन्। ती वर्गले आफूले चाहेको जस्तो ज्ञान/प्रविधि विकास गर्न अनुसन्धानमा लगानी गर्न सक्छन्। यस्तो लगानी निजी मात्रै नभएर सरकारी लगानी पनि हुनसक्छ। राजनीतिक प्रभुत्वले गर्दा उनीहरूले सरकारी निकायलाई समेत आफ्नो इच्छाअनुसारको काम तथा अनुसन्धान गराउन सक्छन्। अन्तर्राष्ट्रिय संस्थाहरूलाई यस्ता प्रभुत्वशाली व्यापारिक संस्थाहरू आफ्नो स्वार्थको लागि अनुसन्धान, प्रचारप्रसार र सहयोगमार्फत आफ्नो ज्ञान/प्रविधि प्रयोग गर्न लगाएर आफ्नो फाइदा बढाउन सक्छन् । यसको लागि दुईवटा उदाहरण दिन सकिन्छ। वन व्यवस्थापनमा र कृषि प्रविधिमा। नेपाल र भारतमा सिकाइएका वन व्यवस्थापनसम्बन्धी ज्ञानहरू ब्रिटेन र युरोपको काठको आवश्यकता पूरा गर्न सघाउ पुऱ्याउने उद्देश्यले विकास गरिएको थियो । औद्योगीकरणले गर्दा ब्रिटेनमा जङ्गल बाँकी थिएन तर काठको आवश्यकता थियो । उनीहरूले भारतमा सिकाएको वन विज्ञानसम्बन्धी ज्ञान टिम्बर (काठ) उत्पादनमा केन्द्रित थियो। यहाँका आदिवासी, कृषक तथा जन साधारणलाई वन काठको लागि मात्र नभएर अन्य जीविकोपार्जनको समेत स्रोत थियो। तर यी आवश्यकताहरूलाई ध्यान दिइएन। नेपालमा पनि यो ज्ञानको प्रभावमा परम्परागत रूपमा चलिरहेका सामुदायिक वनहरूलाई राष्ट्रियकरण गरिएको

थियो । तर यसले वन संरक्षणमा सहयोग नपुऱ्याई वनको ह्रास गराएकोले पुनः सामुदायिक वनको अवधारणा लागू गरिएको हो ।

कृषि क्षेत्रको आधुनिक ज्ञान, विशेषगरी हरितक्रान्ति ज्ञान/प्रविधि (green revolution technology)को उत्पादन पनि बीउ, मल, कीटनाशक औषधीका ठूला कम्पनीहरूले आफ्नो व्यापारिक फाइदाको लागि गरेका थिए। यो प्रविधिबाट साना कृषक, कृषि मजदुर लाभान्वित नभएको निष्कर्ष निकालिएको थियो । यस प्रविधिको प्रयोग गरेर साना कृषक खेती गर्न असमर्थ भएकाले उनीहरू आफ्नो खेतबारी ठूला फर्मलाई बेच्न विवश भए। अहिलेको जैविक र आनुवंशिक प्रविधि (bio-technology/gene-technology) पनि यस्तै प्रकारको देखिन्छ (यसबारे खण्ड ५ मा विस्तृत चर्चा गरिएको छ) । यसले पनि ठूला फर्मलाई मात्रै सहयोग गर्दछ । आनुवंशिक परिवर्तन गरिएका बीउ र यसलाई आवश्यक पर्ने मल, औषधी, आदि बहुराष्ट्रिय कम्पनीहरूले मात्र उत्पादन गर्न सक्छन्/सकेका छन्। यो प्रविधि पनि साना र गरिब राष्ट्रका कृषकहरूको लागि हानिकारक छ । यी प्रविधि/ज्ञान खाद्यान्न उत्पादन बढाएर संसारबाट भोकमरी हटाउने उद्देश्यले विकास तथा प्रसार गरिएको भन्ने गरिएको छ । तर नयाँ प्रविधिले खाद्यान्न बढ्ने भए तापनि अहिलेको विश्वमा भएको खाद्यान्नले अहिलेको भन्दा धेरै जनसङ्ख्या थेग्न सक्छ । धनी वर्गले खानामा साधारण परिवर्तन मात्र गरिदिँदा अहिलेको भन्दा कैयौँ गुणा खाद्यान्नको उपलब्धता बढ्न जान्छ । यसकारण खाद्य उत्पादन अहिलेको समस्या होइन। अर्कोतर्फ हाल परम्परागत जैविक-कृषि (organic farming/traditional farming)सम्बन्धी अनुसन्धान नहुनुमा पनि ठूला कम्पनीहरूको भूमिका देखिन्छ । यदि परम्परागत जैविक-प्रविधि बढेमा यसले ठूला बहुराष्ट्रिय कम्पनीप्रतिको निर्भरतालाई कम गर्दै लैजान्छ। तर हालसम्म यस्तो स्थानीय स्तरमा सुहाउदो परनिर्भरता कम गर्ने खालको र खेती प्रणालीका सम्पूर्ण फाइदा स्थानीय स्तरमा रहने किसिमले विकास हुँदै आएको परम्परागत खेती प्रणालीको विकासमा सहयोग पुऱ्याउने हिसाबबाट अनुसन्धानमा कुनै लगानी गरिएको छैन ।

## व्यक्तिवाद र सामुदायिक भावना

वातावरणीय न्यायको दृष्टिकोणबाट सामुदायिक भावना, सामुदायिक फाइदा तथा स्वतन्त्रता महत्वपूर्ण हुन्छ । सामुदायिकता कायम गर्न व्यक्तिगत स्वतन्त्रता वा फाइदामा कमी आउन पनि सक्दछ जुन व्यक्तिवाद (individualism) को सिद्धान्त-विपरीत पनि हुन सक्दछ । विद्यार्थीहरूमा यस्तो विरोध भासको स्थितिलाई पनि आलोचनात्मक भएर सामुदायिक हितको लागि सोच्ने क्षमतामा वृद्धि हुनु पर्दछ ।

## प्रभुत्वशाली संस्कृतिको विद्यार्थीमा पर्ने छाप हटाउने

अहिलेको शिक्षाले देशभित्र वा बाहिरका प्रभुत्वशाली वर्गको मूल्य, मान्यता, सोचाइ, आकांक्षा विद्यार्थी वर्गमा थोपरेको छ। शिक्षक भनेको ठूलो र उसले सिकाउन अग्लो

ठाउँमा बस्नुपर्ने सोचाइले ग्रसित पढाउने तरिका, प्रयोग गरिने हाउ-भाउ, भाषा, वस्त्र या फेसन (शिक्षकले प्रभुत्वशाली वर्गले मान्ने फेसन प्रयोग गर्ने वा लगाउनु)ले पनि प्रभुत्वशाली वर्गको संस्कृति/मूल्य/मान्यता फैलाउन मद्दत गरिरहेको छ। यसमाथि पढाउने पाठ्यक्रममा पनि प्रभुत्वशाली वर्गकै नियन्त्रण हुन्छ। यस्तो शिक्षा र शैक्षिक वातावरणले सामाजिक अन्याय फैलाउन सहयोग पुऱ्याउँछ किनभने विद्यार्थीले त्यस्तो सामाजिक अन्यायलाई अन्याय भनेर सोच्न सक्दैनन्।

प्रचलित पढाइले विद्यार्थीको 'सफलता', 'आधुनिकता', 'भविष्यको भूमिका'को धारणामा समेत असर पुऱ्याएको छ। विद्यार्थीले ठूल्ठूला बहुराष्ट्रिय कम्पनीमा काम गर्नु, ठूला कम्पनी वा देशलाई फाइदा हुने तर गरिब वर्ग/समाजमा नकारात्मक असर पर्ने अनुसन्धानमा लाग्नु र प्रभुत्वशाली वर्गको संस्कृति अवलम्बन गर्नुलाई 'सफलता' भनेर मान्न पुग्छन्। उनीहरूले आफ्नो काम/अनुसन्धानबाट कसलाई फाइदा पुग्छ/पुग्दैन विश्लेषण गर्न सक्दैनन्। उनीहरूले आधुनिकतालाई यसरी आत्मसात गर्न पुग्छन् कि जसले गर्दा उनीहरू यसको अन्धभक्त (आधुनिकतावादी) हुन पुग्छन्। उनीहरू आफ्नो सफलतालाई पनि आधुनिकतामा पुग्ने क्रमको आधारमा मूल्याङ्कन गर्न पुग्छन्। यस्तो प्रवृत्तिले समाजको एक वर्ग/समूहलाई अमानवीय परिस्थितिमा धकेल्छ/धकेलेको हुन्छ जुन उनीहरूको विश्लेषणमा पर्दैन। यसैगरी आफूले पाएको ज्ञान/सीप–जुन साधारणतया प्रभुत्वशाली वर्ग/समाज देशको फाइदाको लागि उत्पादन गरिएको हुन्छ–लाई आलोचनात्मक रूपमा हेर्न नसक्ने गरी उनीहरूले विज्ञान र प्रविधिलाई आत्मसात गर्न पुग्छन्। यसरी अहिलेको शिक्षाले आधुनिकता, वैज्ञानिकता, भौतिक सम्पन्नतालाई पर्यायवाचीको रूपमा हेर्न लगाउँछ। यी सबै प्रवृत्तिले वातावरणीय अन्याय/सामाजिक अन्यायलाई बढाउन मद्दत गरेको छ।

प्रभुत्वशाली संस्कृतिको प्रभावमा परेर शैक्षिक कार्यक्रम लागू गर्दा विद्यार्थी वर्गहरूमा उक्त संस्कृतिले पैदा गर्ने सूचना प्रणालीलाई र यसले जनमानसमा पर्ने प्रभाव तथा सामाजिक एवं वातावरणीय न्यायमा पर्ने नकारात्मक असरलाई आलोचनात्मक विश्लेषण गर्ने क्षमता/सोचाइ विकसित हुँदैन। अहिलेको विज्ञापन गर्ने तरिका र समाचारहरू बनाउने र प्रसारण गर्ने प्रणालीले जनमानसलाई प्रभुत्वशाली संस्कृति नै ठीक हो र यसैलाई अनुसरण गर्नुपर्दछ भन्ने मानसिक सोचाइ विकास गराउँछ। यस्तो सूचना प्रणालीको उद्देश्य नै उपभोक्तावाद बढाउने र जीवनको वस्तुकरण (commodification of life) गराउने हो र आफ्नो बजारको विस्तार र सुनिश्चितता गराउनु हो। यही कारणले गर्दा 'मिडिया' नियन्त्रण गर्न ठूलो लगानी गरिने, स-साना मिडिया हाउसलाई ठूलामा मिसाइने र केही तर बहुराष्ट्रिय तथा शक्तिशाली वर्गको हातमा सम्पूर्ण मिडिया नियन्त्रण हुने प्रकृया देखापरेको छ। यस्तो प्रकृया साधारण नाफा/नोक्सानभन्दा पनि दीर्घकालीन रूपमा मानिसको सोचाइ र जीवनशैली परिवर्तन गर्ने र ठूला कम्पनीको स्वार्थपूर्ति गर्ने उद्देश्यले सञ्चालन गरिन्छ।

## विशिष्टता र वातावरणीय न्याय

अहिलेको शिक्षा प्रणालीबाट विशिष्ट शिक्षा पाएका र समाजमा विशेषज्ञ (experts/ professionals) को रूपमा पहिचान बनाएकाहरूबाट नै विकास र वातावरणसम्बन्धी सम्पूर्ण निर्णयहरू गरिन्छन्। तर कतिपय वातावरणीय अन्यायहरू यस्ता 'विशिष्टता प्राप्त' निर्णयकर्ताहरूको निर्णयबाट भएको देखिन्छ। यो हुनुमा उनीहरूको तालिम लिने/दिने प्रणाली पनि जिम्मेवार हुन्छ। हाल उत्पादित विशेषज्ञहरूमा वातावरणीय न्यायको दृष्टिले निम्न कमजोरीहरू देखिएका छन्:

- विशेषज्ञहरू आफ्नो विशेष क्षेत्रबाहेक अन्य क्षेत्रको बारेमा विश्लेषण गर्न असमर्थ।
- जति विशेषज्ञता प्राप्त भयो त्यति वैज्ञानिकता अर्थात् आधुनिकतामा जोड दिने प्रवृत्ति।
- अन्य क्षेत्रको मानिससँग राम्रो सम्बन्ध र सञ्चार कायम गर्न नसक्ने।
- विश्वलाई हेर्ने दृष्टिकोण (worldview) केवल प्राविधिक मात्र हुने।
- साधारणतया ठूला र जटिल समस्यालाई मात्र समस्याको रूपमा ठम्याउने, साधारण दैनिक जीवनमा भोगिने समस्यालाई समस्याको रूपमा नहेर्ने।
- साधारणतया यस्ता विशेषज्ञले केवल वैज्ञानिक ज्ञान (जुन वैज्ञानिक तरिकाबाट उत्पादन भएको हुन्छ) लाई मात्र मान्यता दिने। यस्तो ज्ञानलाई 'उच्च कोटीको ज्ञान'को मान्यता दिने र साधारणजनले, त्यसमा पनि शोषित/पीडित व्यक्तिहरूले, अनुभवको आधारमा सृजना गरेका ज्ञानलाई 'निम्न कोटीको ज्ञान'को रूपमा हेरेर यस्ता ज्ञानलाई ध्यान नदिई केवल 'उच्च ज्ञान'लाई आधार बनाई कार्यक्रम शुरु गर्ने।
- विशेषता वा विशिष्टतामा जोड दिने 'निर्णय प्रकृयामा' अन्य साधारण व्यक्तिहरूलाई पन्छाउने प्रवृत्ति हुन्छ। 'निर्णय' गर्दा विशिष्ट ज्ञानको आवश्यक पर्ने हुँदा विशेषज्ञको निर्णय नै ठूलो मानिनु पर्ने तर्क अगाडि ल्याइन्छ। यस्ले गर्दा निर्णयमा पहुँच केवल सानो तर प्रभुत्वशाली वर्गको मात्र हुन्छ। यही वर्गले अनुसन्धानको विषय र कार्यक्रमहरू छान्छ। यसबाट निर्णयकर्ताको साँघुरो घेरा बन्छ। तर वातावरणीय न्यायको सिद्धान्तको हिसाबले सम्पूर्ण समुदायको सहभागिता हुनेगरी निर्णय प्रकृयाको घेरा फराकिलो हुनुपर्छ।

## हालको वातावरणीय शिक्षा र वातावरणीय न्याय

शैक्षिक क्षेत्रमा वातावरण विषयले चर्चा पाएको छ। सन् १९७२ को स्टकहोममा भएको विश्व मानव वातावरण सम्मेलनदेखि 'वातावरण' र 'दिगो विकास' स्कूलदेखि विश्व विद्यालयसम्म पढाइने विषय बन्यो। अहिले आएर यो विषय पढाउन धेरै र छुट्टै स्कूल/कलेजहरू पनि स्थापना भएका छन्। नेपालमा पनि यो प्रष्ट रूपमा देखिन्छ। निजी क्षेत्रमा पनि वातावरण संरक्षणसम्बन्धी अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने काम भएको छ। वातावरण संरक्षणसम्बन्धी जनशक्ति उत्पादन गर्न सरकारी वा निजी क्षेत्रमा

शैक्षिक संस्थाहरू खुलेका हुन् । तर यी संस्थाहरूले पढाउने पाठ्यक्रममा वातावरणीय न्यायसम्बन्धी विषयहरू कम नै समावेश छन् । अर्थात् अहिलेको पढाइले वातावरणीय न्यायलाई समेटेको छैन । यी संस्थाहरूका अन्य कमजोरीहरू पनि देखिन्छन्:

- अहिले पढाइने विषयहरूमा एकातिर विविधता छैन भने अर्कोतिर विद्यार्थीलाई 'विविधता'को मूल्याङ्कन, आत्मसात र आदर गर्ने भावनामा वृद्धि ल्याउनेतर्फ कुनै क्रियाकलाप हुँदैन ।
- अहिले पढाइने 'वातावरण' पूर्ण प्राविधिक ज्ञानको रूपमा छ । 'वातावरण'लाई सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षसँग र तिनका सैद्धान्तिक पक्षहरूसँग जोडिएको छैन ।
- शिक्षण-विधि पनि वातावरणीय न्यायलाई सुहाउँदो खालको छैन । हालको शिक्षण-विधिले पनि प्रभुत्वशाली संस्कृतिलाई निरन्तरता दिई अन्यायको स्थिति सृजना गर्न र आत्मसात गर्न सिकाउँछ । शिक्षक-विद्यार्थीमा उच-नीचको भावना, शिक्षक सधैं जान्ने र विद्यार्थी नजान्ने सोचाइ, छलफल नगर्ने चलन आदिले वातावरणीय न्याय विषय पठन-पाठनमा समस्या छ ।
- अहिलेको वातावरणीय शिक्षाले सुसूचित र सशक्त विद्यार्थी उत्पादन गर्दैन । उत्पादित विद्यार्थीलाई वातावरण क्षेत्रको नेतृत्व गर्न सबल बनाइँदैन । उनीहरूलाई केवल प्राविधिज्ञ मात्र बनाउने उद्देश्य राखिएको छ । यसबाट वातावरणीय न्यायको स्थिति सुदृढ हुँदैन ।

## शैक्षिक क्षेत्रमा गर्नुपर्ने केही सुधारहरू

- वातावरणीय न्यायसम्बन्धी विषयहरू पाठ्यक्रममा समावेश गर्ने । विद्यार्थीहरूलाई आफ्नो, समुदायको र समाजका पिछडिएका समूह/वर्गका वातावरणीय अन्याय र अन्याय सृजना हुने प्रकृयाको बारेमा विश्लेषण गर्न लगाउने ।
- शिक्षण-विधि र शिक्षकको व्यवहारमासमेत परिवर्तन ल्याउने । छलफल गर्ने, कक्षामा उच-नीचको भावना नराख्ने र यस्तो भाषा/सङ्केत (जस्तै हाउ-भाउ, पोशाक)को प्रयोग नगर्ने जसले गर्दा प्रभुत्वशाली वर्ग/समूहको सांस्कृतिक मूल्य/मान्यतालाई निरन्तरता दिन्छ ।
- अनुसन्धान गर्ने प्रकृयामा परिवर्तन गर्ने । अनुसन्धान गर्दा पीडित समुदायको दृष्टिकोणलाई ध्यानमा राख्ने र अनुसन्धानको विषयको छनौटमा पनि समुदायलाई संलग्न गराउने । अनुसन्धान प्रकृयामा कडा वैज्ञानिक तथ्याङ्कलाई मात्र आधार नमानेर पीडित पक्षका अनुभवहरू, अनुभूतिहरूलाई पनि सूचनाको रूपमा प्रयोग गर्नु पर्दछ । सधैँ तथ्याङ्कको खोजी गर्दा पीडित पक्षको दृष्टिकोण नसमेटिन सक्छ ।
- निर्णयकर्ता र अनुसन्धानकर्तालाई आफ्नो निर्णय र अन्वेषणले समाजमा परेको नराम्रो असरको जिम्मेवारी लिने नैतिक दायित्व वहन गर्न सक्षम बनाउने । ♦